कार्यपालिका बैठक मिति : २०८२।०२।१६ गते।
कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८२।०२।१० गते।

मिति २०८२।०२।१६ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. निर्णय समिक्षा सम्बन्धमा।
२. बुद्ध आ वि आवसिय छात्रावास कोटा सम्बन्धमा।
३. विपद् व्यवस्थापन सम्बन्धमा।
४. प्रारम्भिक वातावरणिय परीक्षण सम्बन्धमा।
५. कन्टिन्जेन्सी खर्च कार्यविधि २०८२ सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले आ व २०८१।८२ मा हाल सम्म गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने।

२. चुमनुब्री गाउँपालिका वडा नं ७ मा रहेको श्री बुद्ध आधारभूत विद्यालय लारमा २५ जना हिमाली आवासीय छात्रावास कोटा प्रदान गरिएकोमा मिति २०८१।०५।०५ को कार्यपालिका बैठकको निर्णयानुसार चुमनुब्री गाउँपालिका शिक्षा समितिले श्री बुद्ध आधारभूत विद्यालय लारको स्थलगत छानविन गरी आवसिय कोटामा बस्ने विद्यार्थि संख्या एकिन गर्ने निर्णय भएअनुसार उक्त विद्यालयमा १० जना मात्र विद्यार्थी आवसिय छात्रावासमा बस्दै आएको र यस चालू आ व मा उक्त विद्यालयलाई १० जना विद्यार्थी बराबरको मात्र आवास सञ्चालन खर्च निकासा दिन सिफारिस सहित प्रतिवेदन प्राप्त भएकोमा २०८१ साउन १ गते देखि २०८२ असार मसान्त सम्म १० जना विद्यार्थीको मात्र आवास सञ्चालन खर्च निकासा दिने र बाँकी १५ जना विद्यार्थी कोटा आवश्यकता अनुसार गाउँपालिकाका अन्य विद्यालयमा बाँडफाँट गर्ने।

३. वर्षाका कारण भएका विपद क्षतिबाट प्रभावित तपसिलका बाटो/योजनाको मर्मत सम्भार गर्न प्राविधिक मूल्यांकनका आधारमा विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी भुक्तानी दिने।

| सि नं | योजनाको नाम | स्थान | कै |
|---|---|---|---|
| १ | लाङलाम देखि चुम्ब्राङ सम्म बाटो मर्मत | चुमनुब्री-५ विहि | |

४. चुमनुब्री गाउँपालिका केन्द्र जोड्ने वडा नं ३ स्थित बुढिगण्डकी फिलिम बजार मोटर बाटो निर्माणका लागि चुमनुब्री गाउँपालिकाको प्रस्तावनामा इन्फ्रा डेभलप कन्सल्ट प्रा ली दाङ नेपालले तयार पारेको प्रारम्भिक वातावरणिय परीक्षणको प्रतिवेदन सहित आवश्यक राह, सल्लाह तथा सुझावका लागि राष्ट्रिय प्रकृती संरक्षण कोष र मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालयमा लेखि पठाउने।

५. चुमनुब्री गाउँपालिकाको कन्टिन्जेन्सी शिर्षकबाट हुने खर्चलाई पारदर्शी, मितव्ययी र व्यवस्थित बनाउन चुमनुब्री गाउँपालिका कन्टिन्जेन्सी खर्च कार्यविधि २०८२ स्विकृत गर्ने।

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा,
अध्यक्ष